नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(...............शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ........................

# प्रेस विज्ञप्ति

उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना निर्देशक समितिका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री श्री पुष्प कमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०७३/०५/२१ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको सो समितिको बैठकबाट देहाय बमोजिमका निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

निर्णयहरु:

१. संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धमा हालसम्म भइरहेको कार्य प्रगतिको समिक्षा गरियो ।

२. संघ, प्रदेश र स्थानीयतहको संगठन संरचनाको खाका तयार गर्न कार्यात्मक विश्लेषण (Functional Analysis) गर्ने उद्देश्यको लागि हाल भइरहेको संविधानमा उल्लिखित कार्यहरुको बिस्तृतिकरण (Unbundling) को कार्य सम्पन्न गरी सोको प्रतिवेदन यस समितिको आउँदो बैंठकमा पेश गर्ने ।

३. संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धमा संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समिति मार्फत भइरहेको कामलाई समयबद्ध कार्ययोजना अनुरुप थप प्रभावकारी बनाउन निर्देशन दिने ।

४. सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालय/निकायहरुको प्रशासन पुनःसंरचना सम्बन्धी काम सम्पन्न गर्न उच्च प्राथमिकता दिई कार्य सम्पादन गर्ने । यस बिषयमा सबै माननीय मन्त्रीहरुलाई ध्यानाकर्षण गराउने ।

२०७३ भाद्र २१ गते

..............................
दामोदर रेग्मी
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np